स्थानीय सरकार

# कैलाश गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कालिकाटार, मकवानपुर

बागमती प्रदेश, नेपाल

**आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त सम्बन्धी १५ दिने सिलवन्दी वोलपत्र आव्हानको सूचना।**

प्रथम पटक प्रकाशित मितिः २०८१/४/३२

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३ दफा ११ (२) 'घ' मा व्यवस्था भए बमोजिम कैलाश गाउँपालिकाबाट बाहिर जाने तरकारी, जडिबुटी, कवानी र जीवजन्तुको व्यवसाय कर उठाउन २०८१ भदौ देखी २०८२ असार मसान्त सम्मको लागि बोलपत्रबाट ठेक्का लगाउनुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहायको शर्तको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सूचना तथा ठेक्का नं. | विवरण | कर संकलन स्थान | न्यूनतम कवोल अंक (मु.अ.कर बाहेक) | वोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| ०१/२०८१/८२ | तरकारी, जडिबुटी, कवाडी र जीवजन्तु व्यवसाय कर | नामटार नाका | रु १,००,०००/- | १०००/- | कवोल अंकको ५ प्रतिशत |
| | तरकारी, जडिबुटी, कवाडी र जीवजन्तु व्यवसाय कर | गोगने नाका | रु १,००,०००/- | १०००/- | कवोल अंकको ५ प्रतिशत |

शर्तहरुः

१. बोलपत्र शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न ईच्छुक फर्म, उद्योग, कम्पनी वा संस्थाहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र आ.व. २०८०/८१ को लागि नवीकरण भएको फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र एवं आ.व. २०७९/८० को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखि लिखित निवेदन पेश गरी तोकिए बमोजिमको राजस्व दस्तुर (फिर्ता नहुने गरी) कैलाश गाउँपालिकाको राजस्व शाखामा बुझाई बोलपत्र फाराम खरिद गर्न सकिने छ।

२. खरिद गरिएको बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात २०८१/५/१५ गते दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी बोलपत्र



विनोद रोका

फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं उल्लेख गरी सहि छाप गरी सिलबन्दी लाहाछाप लगाई खामको बाहिर विवरण खुलाई ठेक्का नं समेत उल्लेख गरी यस कार्यालयको खरिद ईकाई शाखामा तोकिएको समयभित्र दर्ता गराइसक्नु पर्नेछ। सो सिलबन्दी दर्ता गर्ने अन्तिम दिनको २:०० बजे बोलपत्रदाता वा निजहरुको अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। सो दिन सार्वजनिक विदा भएको सोको भोलिपल्ट सोही समय भित्र बोलपत्र फाराम पशे गर्नुपर्ने र सो फाराम सूचनामा तोकिएकै समयमा खोलिनेछ।

३. बोलपत्रकर्तालि खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायी सम्बन्धि कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ।

४. बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५(पाँच) प्रतिशत रकम सानिमा बैंकमा रहेको यस कार्यलयको धरौटी खातामा (खाता नं ०६५०१००२००००००७) मा दाखिला गरेको सक्कलै भौचर संलग्न राख्नुपर्ने छ वा यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी १२० दिन अवधि रहेको सक्कल बैंक जमानीपत्र संलग्न गरी पेश गर्नुपर्नेछ।

५. गोप्य सिलबन्दी बोलपत्रमा आफुले कबोल गरेको अंक र अक्षर दुवै स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ। केरमेट भई अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६. गोप्य सिलबन्दी दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ तर बोलपत्र खरिद गर्ने अन्तिम दिनलाई यो सुविधा हुने छैन।

७. यो बोलपत्र सम्बन्धी शर्तहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ र नेपाल सरकारका अन्य प्रचलित ऐन, नियमहरु बमोजिम हुनेछ।

८. पहिलो किस्ता बराबरको रकम दाखिला गरी बाँकी किस्ता रकम बराबरको Performance Bond जारी गरेको बैंक ग्यारेन्टी ठेक्का अवधि भन्दा कम्तिमा १ महिना बढि समय सम्मको लागि राखेपछि मात्र शर्त कबुलियत गरिनेछ।

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ। ठेक्का सम्वन्धी कुनै विवाद भएमा गाउँपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ। बोलपत्र सम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा गाउँपालिकाको खरिद इकाई शाखामा बुझ्न सकिनेछ।

१०. व्यवसाय हुने वस्तुको दररेट यस गाउँपालिकाले तोके बमोजिम हुनेछ। दररेट गाउँपालिकाले उपलब्ध गराउने फाराममा संलग्न हुनेछ।

११. कबोल अंकको ३० प्रतिशत रकम (५ % धरौटी समेत) अग्रिम दाखिला गरेपश्चात मात्र सम्झौता गरिनेछ। दोस्रो किस्ता २०८१ फाल्गुन मसान्त र अन्तिम किस्ता २०८२ जेष्ठ मसान्त भित्र गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्नुपर्नेछ।

१२. निकासी पैठारी हुने वस्तुको दररेट सम्बन्धी विस्तृत विवरण कैलाश गाउँपालिकाको वेभसाइट https://kailashmun.gov.np/ हेर्न सकिनेछ।

१३. शुल्क असुल गर्दा प्रयोग गरिने रसिद ठेकेदार आफैले तयार गरी गाउँपालिकाको छाप चलान गर्नुपर्नेछ।

१४. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र कबुलियत गरी चलनपुर्जी लिन नआएमा निजले राखेको धरौटी जफत गरी नियमानुसार दोस्रो प्रास्तावकर्तासंग ठेक्का सम्झौता गर्न सकिनेछ।

१५. मुल्य अभिवृद्धि कर ठेकेदार स्वयमंले व्यहोर्नु पर्नेछ।

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत